# तलकोट गाउँपालिकाको आ.व. २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट

गाउँ सभाका अध्यक्ष महोदय

गाउँ सभाका सदस्य ज्युहरु

प्रमुख अतिथी ज्यु

सम्पुर्ण कर्मचारी

अतिथी गण ।

तलकोट गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभा समक्ष आगामी आर्थिक बर्ष २०७५।०७६ को बजेट प्रस्तुत गर्न पाँउदा अत्यन्त हर्षविभोर भएकी छु । यस अवसरमा संघीय , लोकतान्त्रिक , गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिव ३ बर्ष पुरा भएको छ । संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको छ । यी तीनवटै तहले नेपालको राज्य शक्तीको प्रयोग संविधान तथा कानुन बमोजिम प्रयोग गर्दै आएका छन । संविधानको अनुसुची ८ मा स्थानीय तहको अधिकार उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभाले बनाएको कानुन बमोजिम हुने ब्यवस्था रहेको छ । स्थानिय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्वन्धी विषयमा कानुन बनाउने बार्षिक बजेट बनाउने, निर्णय गर्ने , नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने संवैधानिक व्यबस्था रहेको छ । स्थानीय तहले आफ्नो बजेट प्रत्येक वर्षको असार १० गते सम्म गाउँ वा नगर सभा सक्षम पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।

राज्यको पुर्नसंरचना संगै नेपालमा स्थापित ७५३ वटा स्थानीय तह मध्ये बझाङ्ग जिल्लामा अवस्थित तलकोट गाउँपालिका एउटा स्थानीय तह हो । धार्मिक, ऐतिहाँसिक तथा सांस्कृतिक महत्व वोकेको यो गाउँपालिकामा धार्मिक पर्यटक ,प्राकृतिक स्रोत, र कृषिको पर्याप्त सम्भावना रहेको छ । यस गाउँपालिकाले विगत १ वर्ष देखी संविधान तथा कानुन बमोजिम स्थानीय शासनको अभ्यास गर्दै आएको छ ।

चालु आ.व. ०७४।०७५ को नीति तथा कार्यक्रमको समीक्षा :

२०७४ साल असारमा स्थानीय निर्वाचन भए पश्चात हामी जनप्रतिनिधीहरुले यस गाउँपालिकाको जिम्मेवारी र उत्तरदायित्य सम्हालेका हौ । करिव २० वर्ष देखि जनप्रतिनिधि विहिनतालाई तोडदै आ.व .२०७४ को असार महिनाको अन्त्य तिर मात्र पद तथा गोपनियताको सपथ खाएका हामि जनप्रतिनिधिको अगाडि जनताको असंख्य अपेक्षा र चाहनाको चाङ्ग लागेको थियो । सिमित श्रोत साधनबाट जनताका अधिक अपेक्षा पुरा गर्नूपर्ने, कर्मचारीको अभाव तथा नयाँ संरचाना अनुसार काम गर्नलाई केहि कठिनाई नभएका होइनन । तर पनि आर्थिक वर्ष २०७३/०७४ का लागि पुरानै

तलकोट गाउँपालिका

सैलि र तौर तरिकाबाट बजेट तथा कार्यक्रम लाई निरन्तरता दिएको थियो । उक्त आ.व. ०७३।०७४ मा रु १ करोड बजेट अनुमान गरिएकोमा वर्षको अन्त्य सम्ममा कुल रु ४४ लाख ८१ हजार मात्र खर्च भई ४४.८१ प्रतिशत मात्र खर्च प्रगति भएको छ भने बाँकी रकम चालु आ.व.मा अ.ल्या भई आएको छ ।

गत बर्ष २०७४ साल भाद्र २७ र २८ गते सम्पन्न ऐतिहाँसिक प्रथम  गाउँसभा

आ.व. २०७४।७५ मा रु. २३ करोड ८६ लाख ६८ हजार को अनुमान (संशोधित) गरिएकोमा आर्थिक वर्षको हाल सम्मको खर्च रु. १७  करोड ८०  लाख ९३  हजार खर्च भई ७४.६१ प्रतिशत प्रगति भएको छ ।

पुर्वाधार विकास तर्फ रुपातोला देखि खौला सडक खण्ड करिव ४.५ कि.मि. कच्ची सडक निमार्ण गरिएको छ । तलकोटी गाड लघु जल विद्युत आयोजना, छडाखेत मालिका सडक खण्ड करिव ७ कि.मि. निमार्ण गरियो, देवशौन देखि खौला सम्म सडक स्तरउन्नती भएको छ ,खौला देखि लोकण्ड सम्मको करिव २ कि.मि,खौला गैतोला सडक खण्ड करिव ३ कि.मि. ,तपोवन धार्मिक सडक ,रामणि मष्टा मन्दिर जाने सडक,मालडाडा धामीगाउ सडकहरु यस वर्ष निर्माण गरिएका छन् । यस गाउँपालिकाको विभिन्न ठाउँमा ५ वटा वर्थिङ सेन्टर निमार्ण गरेकोछ  । ४ र ६ वडा कार्यालयहरु निमार्णाधिन रहेका छन,यसै आ.व.मा एम्बुलेन्स सेवा संचालनमा ल्याइएकोछ, बावै पातल खेलकुद मौदान निर्माण, रातापानी खेलकुद मैदान निर्माण, लोकन्ड गाउँमा  सोलार बत्ति जडान, धामीगाउँमा कुटानी पिसानी मिल घर निमार्ण गरिएकोछ ।पर्यटकिय क्षेत्रको पहिचान र विकासको लागि तपोवन क्षेत्रको विकासका लागि सडक निर्माण गरिएकोछ । विपन्न महिलालाई आयआर्जन गर्न हाते होजियारी सिलाई कटाई तालिम दिईयो । दलित, असक्त र अपांग बालबालिकालाई अभिमुखिकरण शौक्षिक सामग्री खरिद, विपन्न महिलाका लागि सिलाई कटाई तालिम दिइयो । समाजमा विकृतिको रुपमा रहेका छाउपडी कुप्रथा , जातिय छुवाछुत र अन्धविश्वासका विरुद्ध जनचेतना तथा महिला शसक्तिकरण तालिम र अभियान सञ्चालन गरिएका छन् । महिला हिंशा सम्बन्धि सडक नाटक तथा प्रत्येक वडामा अभिमुखिकरण तालिम सम्पन्न गरिएको छ । कृषी तर्फ बेमौसमी तथा मौसमी तरकारी खेती तथा बालि संरक्षण र अन्न भण्डारका लागि मेटल विन खरिद तथा टनेल हाउस वितरण गरिएकोछ । स्याउ तथा फलफूल पकेट क्षेत्र निर्माणका लागि बढिगाउ र लोकण्डलाई सम्भावित क्षेत्रको रुपमा लिइ कार्य अगाडि बढाइएको छ । ३ स्थानमा तरकारी पकेट क्षेत्रको विकास, ४ ठाउँमा आलु पकेट क्षेत्र निर्माण  गरिएको छ भने आधुनिक कृषि विउ विजन वितरण तथा वालि सुधार कार्यकम अगाडि वढाइएकोछ । वातावरण तथा विपद व्यावस्थापनका लागि बृक्षारोपण ,तटबन्ध निर्माण,जलाधार संरक्षण तथा सामुदायिक वनका पदाधिकारी सँग अन्तरक्रिया गरि वन संरक्षणका लागि पहल गरिएकोछ । जनतालाई सहज सरल ढंगले स्वास्थ्य क्षेत्रमा पहुँच स्थापित गर्नका लागि आवश्यक औषधि तथा उपकरण खरिद गरिएको छ । शौक्षिक क्षेत्रको गुणस्तर सुधारका निम्ति तलकोट गाउँपालिकाका विद्‌यालय व्यबस्थापन समितिका अध्यक्ष तथा प्र.अ सँग पटक पटक अन्तरक्रिया गरि  गाउँपालिका शिक्षा नीति तर्जुमाका लागि तदर्थ समिती गठन गरी शिक्षा क्षेत्रमा सुधार गर्ने प्रयास गरिएको छ । यस गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कम्प्युतर प्रविधि जडान भएको छ । विकासमा जनसहभागीताको परिचालन र

गाउँघरका समस्याहरुको समाधान हुदै गरेकोले स्थानीय सरकारप्रति जनताको विश्वास र भरोसा वृद्धी भएको छ । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान गाउँ सरकारलाई विकास र समृद्धीको यात्रामा अविचलित रुपमा अघि बढ्न ठुलो प्रेरणा मिलेको छ ।

तथापि स्थानिय सरकारको पहिलो वर्ष भएकोले हामी जनप्रतिनिधीहरुको अनुभवमा कमी, दरवन्दी अनुसार कर्मचारीहरुको परिपुर्ति नहुनु, स्रोत परिचालनको न्युन अवस्था, संस्थागत विकासमा कमी, नयाँ कानुन तथा कार्यविधिहरु बनाउँदै काम गर्नुपर्ने स्थिती लगायत विकास प्रक्रियामा जन सहभागिताको कमी, सबै कुरामा गाउँपालिकाको मुख ताक्ने प्रवृति आदी समस्याहरुले ठोस उपलब्धीहरु हासिँल हुन कठिनाई भएको हो । यस पक्षलाई आगामी वर्षमा सुधार गर्दै जानु पर्ने आवश्यकता छ ।

आगामी आर्थिक वर्ष २०७५।०७६ को बजेटको उद्देश्यहरु निम्न अनुसार रहेका छन ।

१. गाउँको लागि आधारभुत पुर्वाधारहरुको विकास गर्नु ।

२. शिक्षा , स्वास्थ्य, सरसफाई तथा पोषण लगायतको विकास गरी मानव विकासको स्तरमा सुधार गर्नु ।

३. कृषि तथा पशु विकासको माध्यम बाट उत्पादन बृद्धी गरी आय बढाउनु ।

४. लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्नु ।

५. जनतालाई सेवा प्रवाह र सुशासनको प्रत्याभुति गर्नु ।

६ .जलबायु परिवर्तन अनुकुलन कार्य मार्फत विकास निर्माण गर्नु ।

बजेटको उद्देश्यहरु परिपुर्ति गर्न देहायका विषयहरुलाई प्राथमिकता दिईएको छ ।

१. गाउँसभाको पुर्वाधार विकासमा सहयोग पुग्ने ।

२. आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

३. उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

४. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

५. लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धी हुने ।

६. दिगो विकास, वातावरणिय संरक्षण तथा सम्वद्धन गर्न सघाउ पुग्ने।

७. शिक्षा, स्वास्थ्य, पोषण जस्ता सामाजिक पक्षको स्तर वृद्धी हुने ।

८. सुशासन र सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता हुने ।

९.बन संरक्षण, बृक्षारोपण,जलाधार संरक्षण भै जलबायु परिवर्तन अनुकुलनको कार्य थालनि भएको हुने ।

वार्षिक बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु :

आ.व. ०७५।०७६ को वार्षिक बजेट तथा कार्यकम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिईएको छ ।

१. नेपालको संविधान ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ ।

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ।

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।

५. नेपाल सरकारको आवधिक विकास योजना ।

६. उपलब्ध स्रोत साधन ।

७. विकासका अन्तरसम्बन्धित विषयहरु ।

८. गाउँको विकासको विधमान अवस्था र मानव विकासको सुचांक ।

९. स्थानिय जनताका आकांक्षा र आवश्यकता ।

१० .निर्वाचनका कममा व्यक्त गरिएका प्रतिबद्धता तथा घोषणापत्रहरु ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन वमोजिम संघ र प्रदेश सरकारवाट बजेट सिमा प्राप्त स्रोत अनुमान तथा बजेट सिमा निर्धारण बस्ती तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, बजेट तथा कार्यक्रम तर्जुमा गाउँ कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी  असार २० गते यस गाउँ सभामा प्रस्तुत गरिएको छ ।

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका समष्टिगत नीतिहरु अवलम्वन गरिएको छ

१. स्थानिय सरकार संचालन ऐन २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सघाउ पुर्याउने ।

२. साविकमा नेपाल सरकारबाट संचालन हुँदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाई निरन्तरता दिने ।

३. शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाले अपनत्व हुने गरी प्रभावकारी रुपमा संचालन गरिने ।

४. साधन स्रोतको वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत, समुदायगत र वातावरयीय सन्तुलन कायम गरिने ।

५. विकास योजनालाई उपलब्धीमुलक बनाउन आयोजना संख्या सिमित गरी ठुला तथा गाउँ गौरबका योजनाहरु संचालन गर्ने । वडालाई वडाको जनसंख्या, क्षेत्रफल राजश्व परचालनको अवस्था र विकासको आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गराइनेछ ।

६. आन्तरिक आय र राजश्व बाँडफाँडबाट मात्र चालु खर्च व्यवस्थापन गर्ने ।

७. स्थानीय तहको बहन गर्नु पर्ने अनिवार्य दायित्वका विषयहरुको व्यबस्थापन गर्ने ।

८. लैंगिक समानता तथा सामाजिक समाबेशीकरणलाई विकास योजनाका सवै चरणमा सहभागिता गराउने ।

९. गाउँको विकासमा दातृ निकाय, गैर सरकारी संस्था र निजि क्षेत्रको लगानीलाई प्रोत्साहन गरिने ।

१०. विकास निर्माण कार्यमा जनताको सहभागिता र अपनत्वको सुनिश्चिचता गरिने छ ।

**क्षेत्रगत नीतिहरु :**

*१. **आर्थिक विकास क्षेत्र** :*

क) कृषी प्रसार कार्यक्रम मार्फत किसानहरुलाई सर्वसुलभ तरिकाले रसायीक मल,विउ,औषधि उपकरण र अन्य आवश्यक सेवाहरु गाउँपालिकाबाट उपलब्ध गराईनेछ ,जैविक मलको प्रयोगमा किसानहरुलाई अभिमुख गरिनेछ । कृषकहरुलाई गाउँपालिकाबाट प्रविधि र सिपको व्यबहारिक ज्ञान प्राप्त गर्ने व्यबस्था मिलाइनेछ ।

ख) वालि विकास, आलु तथा तरकारी विकासमा जोड दिदै साविकको प्रधानमन्त्री कृषी आधुनिकिरण परियोजनालाई अध्यक्ष कृषि आधुनिकिकरणका पकेट कार्यक्रमको रुपमा निरन्तरता दिईने छ ।

ग) बालीनाली उत्पादन तथा जैविक विविधता संरक्षणमा सहयोग पुर्याउने माहुरी पालनलाई प्रर्बद्धन गरिनेछ ।

घ) पशु नश्ल सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरिनेछ ।

ङ) पशु स्वास्थ्य सेवा विस्तार गरी पशुजन्य धनको संरक्षण गरिनेछ ।

च) पशुपन्छी बजार पर्वद्धन गरि उपभोक्ताहरुलाई स्वस्थ र गुणस्तरीय पशुजन्य पदार्थ आपुर्ति गरिने छ ।

छ) गाउँ क्षेत्रमा क्रियाशिल सहकारी संस्थाहरुको प्रर्वधन गरिनुका साथै कृषी सहकारी मार्फत किसानहरुलाई सेवा उपलब्ध गराउन प्राथमिकता दिईनेछ ।

ज) धार्मिक तथा पर्या पर्यटनको विकासका लागि राष्ट्रिय अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार गरिने छ । धार्मिक क्षेत्र तपोवन,रामणि मष्टा मन्दिर,मष्टा मन्दिर तथा मालिका मन्दिरको संरक्षण र विकास मार्फत पर्यटकलाई आर्कषित गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

झ) स्थानीय प्रशासन समेतको सहभागितामा गाउँपालिका बाट बजार अनुगमन कार्यको थालनी गरिने छ ।

***२. समाजिक विकास क्षेत्र :***

क. विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याइने छ । विद्यालय छाड्ने कारणबारे अध्ययन अनुसन्धान गरि सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

ख. निःशुल्क पाठ्यपुस्तक वितरण तथा जेहेन्दार र गरीब विद्यार्थीहरुका लागि छात्रवृतीको व्यवस्था गरी शिक्षामा पहुँचको सुनिश्चितता गरिने छ ।

ग. शैक्षिक गुणस्तर सुधारका लागि निरन्तर विद्यार्थी मुल्यांङकन, शौक्षिक सामाग्री तथा भौतिक सुविधाको विस्तार र शिक्षकहरुलाई पुर्नताजगी तालिम उपलब्ध गराइने छ । शिक्षकहरुलाई भौगोलिक अनुभव प्रदान गर्नका लागि गाउँपालिका स्तरमा सरुवा गरि फरक परिवेश र शैक्षिक ज्ञान प्राप्त गर्ने अवसर प्रदान गरिनेछ ।

घ. गाउँपालिकामा रहेका न्युन विद्यार्थि चाप रहेका विद्यालयलाई समायोजन,कक्षाको तह घटाउने कार्यलाई अगाढि बढाइनेछ साथै निजि शिक्षकको आवश्यकता पहिचान गरि उपयुक्त मापदण्डका आधारमा निजि शिक्षकलाई विदाई गरिनेछ ।प्रत्येक वडालाई साक्षर वडा घोषणा गर्नका लागि साक्षर अभियान संचालन गरिनेछ ।

ङ. शसर्त स्वास्थ्य कार्यक्रम बाट औषधी खरिदमा विनियोजित बजेट कमी भएको हुँदा गाउँपालिका बाट थप औषधी खरिद गरि निशुल्क उपलब्ध गराइनेछ ।

च. स्वास्थ्य शिक्षा, सुचना तथा संचार , पोषण ,खोप , भिटामिन कार्यक्रम संचालन गरी रोग लाग्न नदिने प्रबर्द्धनात्मक उपाय अवलम्वन गराइने छ ।

छ. स्वास्थ्य संस्थाहरु तथा वर्थिङ सेन्टरहरुमा २४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराइने छ ।

ज. हामी दुई हाम्रा दुइ सन्तानको अबधारणालाई अंगिकार गर्दै प्रजनन उमेरका दम्पतीहरुलाई प्रजनन नियन्त्रणका स्थायि र अस्थायि साधनहरु निशुल्क रुपमा उपलब्ध गराईने छ ।

झ. प्राचिन उपचार पद्धति आर्युवेदिक सेवालाई निरन्तरता दिदै थप प्रभावकारी बनाईने छ ।

ञ. ऐतिहाँशिक तथा धार्मिक स्थल, स्थानिय भाषा, धर्म, संस्कृतीको संरक्षण र सम्बर्द्धन गरिने छ ।

ट. महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदावासी जनजाती समुदाय लक्षित कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिइने छ ।

ठ. युवाहरुका लागि खेलकुद, सीप तथा उद्‌मशिलता विकास, युवा क्लव र युवा संसद स्थापना र संचालन गरी युवालाई क्रियाशिल र सृजनशिल बनाईने छ ।

ड. महिलाहरुलाई सार्वजनिक सेवामा प्रवेशका लागि क्षमता विकास गर्न उपयुक्त तालिम प्रदान गरिने छ ।

ढ. महिला , किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिने छ ।

ण. नेपालको सविधान ०७२ को धारा ३५ मा सवै नेपालीलाई सुद्ध खानेपानीको हक हुने र दिगो विकास लक्ष्य २०१६ देखी २०३० ले सवैका लागि सुधारीएको गुणस्तरिय खानेपानीको सुविधा व्यवस्थाको प्रावधान राखेको छ । सोही संबिधानको प्रावधान र दिगो विकास लक्ष्यलाई आत्मसाथ गदै यस गाउँपालिकाले अव क्रमिक रुपमा खानेपानी योजना सञ्चालन गर्दा एक घर एक धाराको निति अवलम्घन गदै निर्माण गरिने छ र निर्माण भई रहेका योजनामा समेत क्रमश यो सुविधा विस्तार गदै लागिने छ ।

त. **" गुणस्तरिय र दिगो खानेपानी हाम्रो आवश्यकता,पुर्ण सरसफाई,छाउगोठ मुक्त र स्व्च्छता तलकोटको प्रतिवद्धता"** भन्ने नाराका साथ यस गाउपालिकाका सवै जनालाई सुद्ध खानेपानी सुविधाको सुनिश्चितता र समुदायको सहज पहुचका लागि आधारभुत स्तरको पानीको गुणस्तर परिक्षण प्रयोगशाला यहि आ.व.मा स्थापना गरिने साथै निर्माण हुने सवै योजनामा पानी सुरक्षा योजना लागु गरिने छ ।

थ. खानेपानीका श्रोतहरु क्रमश घटदै रहेको अवस्थामा श्रोतको संरक्षणलाई विशेष प्राथमिकतामा राख्दै निर्माण हुने वा भएका योजनामा प्रकोप जोखिम न्युनिकरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

द. गाउपालिका सम्पुर्ण जनताको सरसफाईमा पहुच बृद्धि गरि सफा घर स्वस्च्छ समुदाय, पुर्ण सरसफाई यूक्त वडा हुदै २०७७ भित्र गाउपालिकालाई पुर्ण सरसफाई यूक्त गाउपालिका सुनिश्चित गर्न र पुर्ण सरसफाई तथा महिनावारी स्वच्छता र पोषण सम्मेलनको धोषणा वमोजिम यस गाउपालिकाका प्रत्येक वडाको एउटा वस्ती लाई यस आ.ब. भित्रपूर्ण सरसफाई युक्त टोल सुनिश्चित गरिने छ । साथै प्रत्येक वडाको एक वटा बिद्यालयलाई तीनतारे बिद्यालयमा बिकसित गरि सफा र स्वच्छ बिद्यालय घोषणा गरिने छ ।

ध. महिला तथा किशोरीहरुको लागि अभिसापको रुपमा रहेको अस्वस्थकर जोखिमयूक्त , छाउगोठमा राख्ने परम्परालाई सामाजीक अपराधको रुपमा लिदै यो प्रथालाई क्रमश उन्मूलन गदै लैजाने लक्ष्यअनुरुप यस आर्थिक वर्षमा गा.पामा विशेष सचेतना कार्यक्रम सञ्चालन गदै कम्तीमा एक वटा वडालाई छाउगोठ मुक्त वडा धोषणा गरिने छ ।

न. “**तलकोट वासिको रहर, घरभित्रको धुवा मूक्त घर”** भन्ने नारा तय गरि सुधारीएको चुल्हो लाई अभियानको रुपमा संचालन गर्दै यस आ.व. मा कम्तीमा २ वटा वडा लाई घर भित्रको धुवामूक्त वडा धोषणा गरिने छ। यो कार्यक्रम क्रमस गा.पा.का सम्पूर्ण वडामा लागु गरिने छ।

प. विद्यालय वच्चावच्चीको दोस्रो घर हो यसैले विद्यालयलाई सरसफाई तथा स्वच्छतामा नमूना वनाउदै विद्यार्थी हरुको स्वास्थ्य तथा स्वच्छता सरसफाईमा पहुच वृद्धि गर्न विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता योजना लागु गरिने छ र यस आ.व.मा प्रत्येक वडाको एउटा विद्यालयलाई सफा र स्वच्छ बिद्यालय सुनिश्चित गरिने छ।

फ. बहुक्षेत्रिय पोषण योजना दोश्रोले निदृष्ट गरेका उपलब्धि तथा प्रतिफल प्राप्तिका लागि तलकोट गाउँपालिकाले साझेदार निकाय सँग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाय संचालन गरिनेछ।

***३. पुर्वाधार विकास क्षेत्र :***

क. गाउँको आधारभुत पुर्वाधार विकासका लागि सडक तथा जीपपार्क निमार्णमा जोड दिईने छ।

ख. सिचाई कुलो निमार्ण तथा मर्मत सम्भार गरी कृषी उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न जोड दिईने छ।

ग. तलकोटि खोलामा लघु जलविधुत आयोजनाबाट विधुत उत्पादन गर्न यसै वर्ष सम्भाव्यता अध्ययन गर्न सरोकारवाला सँग समन्वय गरिनेछ।

घ. सौर्य उर्जा प्रविधि तथा वायोग्यासँ प्रविधिको प्रयोगमा समेत जोड दिईनेछ।

ङ. भवन बनाउँदा नक्सा पास गर्नु पर्ने प्रावधानलाई कडाईका साथ लागु गर्दै भवन संहिता कार्यन्वय गरिनेछ।

च. सडकहरुको स्तरोउन्नती तथा मर्मत सम्भार हुने व्यवस्था मिलाइनेछ , बाह्रै महिना सडक यातायात संचालनका लागि देवसैनको पुल यसै वर्ष निर्माण सम्पन्न गर्नका लागि सरोकारवाला सँग समन्वय गरिनेछ ।

छ. तलकोट गाउँपालिका भित्र एक वडा एक खेलकुद मैदान नीति अवलम्बन गरि खेलकुद मैदान निर्माणमा जोड दिइनेछ।

***४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र :***

क. सार्वजनिक तथा प्रति जग्गा र भु-क्षय भएका स्थानहरुमा स्थानीय जनता तथा उपभोक्ता समितिका पदाधिकारी समेतको सहकार्यमा वृक्षारोपण गर्ने तथा सोको संरक्षण गरिनेछ।

ख. सडक तथा अन्य पुर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनिकरणका उपायहरु अवलम्बन गरी विकास र विपद् व्यवस्थापनलाई एकिकृत ढंगले अगाडी बढाइनेछ।

तलकोट गाउँपालिका

ग. वातावरण तथा सरसफाई कार्यक्रम संचालन गरी बातावरण तथा जलवायु परिवर्तनको बारेमा जनचेतना अभिवृद्धी गरिनेछ । प्लाष्टिक रहित, शिसा मुक्त गाउँपालिका घोषणा अभियानलाई अघि बढाईने छ ।

घ. गाउँपलिकाले तारजाली उपलब्ध गराई जनसहभागितामा भु-क्षय तथा जलउत्पन्न प्रकोप नियन्त्रण गरिनेछ ।

ङ. विपद् व्यबस्थापनका लागि श्रोत सुनिश्चित गर्न विपद् व्यबस्थापन कोष निर्माण गरि आवश्यक रकमको सुनिश्चितता गरिने छ ।

च. विपद् व्यवस्थापनका लागि स्थानिय प्रशासन संग समन्वय गरी उद्दार खोजी, राहत जस्ता कार्यलाई प्रभावकारी बनाईनेछ ।

छ. सामुदायिक वनमा उद्यम प्रर्वद्धन गरी आय आर्जन गर्ने नीति लिइनेछ ।

ज. तलकोट गााउँपालिका भित्र रहेका प्राकृतिक श्रोत तथा खानीजन्य श्रोतहरुको अनुसन्धान तथा उत्खनन गरि गाउँपालिकामा उद्योग स्थापनामा जोड दिइनेछ ।

झ. गाउँपालिकामा जडिबुटिको प्रयाप्त सम्भावना रहेकाले सोको संरक्षण र उपयोगमा जोड दिई लघु उद्योग स्थापनाका लागि रकमको सुनिश्चितता गरिनेछ ।

### *५. शुसासन तथा संस्थागत विकास क्षेत्र :*

क. गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अवलोकन भ्रमण तथा तालिम उपलब्ध गराई क्षमता विकास गरिनेछ ।

ख. सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

ग. नागरिक वडापत्र, सोधपुछ कक्षको व्यवस्था र सुचना प्रविधिको प्रयोग द्वारा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । सामाजिक सुरक्षा भत्ता समयमै जनताकै घरदैलोमा वितरण गरिनेछ ।

घ. जनता संग अध्यक्ष कार्यक्रम मार्फत जनताको सुख दुख बुझ्न घरदैलोमा पुगिनेछ ।

ङ. वित्तिय अनुसाशन कायम राख्न उपभोक्ता समितिलाई पेश्की दिने प्रावधानलाई नियन्त्रण गरिनेछ । साथै समयमा योजना सम्झौता गरि जेठ मसान्त सम्म कार्य सम्पन्न गरी भुक्तानी लिने परिपारटीको विकास गरिनेछ ।

च. भवन तथा सडक निर्माणका ठुला आयोजनाहरु संचालन टेण्डर वा बोलपत्रको माध्यमबाट गरिनेछ । स्थानिय स्तरका साना आयोजनाहरु, जनसहभागिता जुट्ने, स्थानिय श्रम,सिप र प्रविधिको प्रयोग हुने आयोजनाहरु मात्र उपभोक्ता समितिबाट गरिनेछ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई नीतिगत,प्रशासनिक र आर्थिक विषयमा अभिमुखीकरण गरी रु. ३ लाख भन्दा

बढीका आयोजनामा आयोजना सुचना पाटी राख्ने र गुणस्तरीय काम गर्ने परिपाटीको विकास गरीनेछ ।

छ. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुको थप संस्थागत क्षमता विकास गरिनेछ ।

ज. गाउँकार्यपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा ई-हाजिरि विस्तार गरिनेछ साथै गाउँपालिकाका मा.वि विद्‍यालयकरुमा समेत ई हाजिरि जडान गरिनेछ ।

झ. अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहयोग परिचालन गरिनेछ ।

ञ. आगामी आ.व. देखि प्रगतिशिल करको दरमा सम्पती कर लागु गर्ने र करको दायरामा विस्तार गरिनेछ ।

ट. न्यायिक समितिलाई क्रियाशिल बनाई मेलमिलापको माध्यम बाट जनताहरुलाई छिटो छरितो तथा सर्वसुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईनेछ ।

**मुख्य योजना, कार्यक्रम र बजेट विनियोजन :-**

आगामी आर्थिक बर्षका लागि लिईएका माथि उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न अनुमानित रु. ३० करोड ११ लाख ३५ हजार विनियोजन गरेकी छु ।

कुल विनियोजन मध्ये चालु तर्फ रु. १८ करोड ४७ लाख ६८ हजार अर्थात ६१.४० प्रतिशत र पुँजीगत तर्फ रु. ११ करोड ६३ लाख ६७ हजार अर्थात ३८.६० प्रतिशत रहेको छ । चालु तर्फ शसर्त अनुदानको रकम रु ९ करोड ६० लाख ,सामाजिक सुरक्षा भत्ताको रु. ३ करोड रहेको छ भने बाँकी रकम प्रशासनिक खर्चका लागि छुट्टाइएको छ । पुँजिगत तर्फ सामाजिक विकास क्षेत्र, आर्थिक विकासका क्षेत्र, पुर्वाधार विकासका क्षेत्र, वन वातावरण तथा विपद् व्यबस्थापन र संस्थागत विकास र सुशासनका क्षेत्रहरुमा आवश्यकताका आधारमा वजेट विनियोजन गरेकी छु । आगामी बर्ष देखि गाउँ गौरबका योजनाहरु संचालन गर्न रु. ३ करोड ५० लाख विनियोजन गरी यसमा ७ बटा आयोजना संचालन गर्ने व्यवस्था गरेकी छु । यस अन्तर्गत धामिगाउँ किदन्न सडक निर्माण,दाँतोला मालिका सडक निर्माण,स्याँडा लोकण्ड सडक निर्माण, ढुंगाना सडक निर्माण,धार्मिक तथा पर्यटकिय क्षेत्र तपोवन क्षेत्रको विकास,वडा नं ३ र ५ को वडा कार्यालय भवन निर्माण गर्नका लागि वजेट विनियोजन गरेकी छु । तलकोट गाउँपालिका स्तरिय आयोजना अर्न्तगत रु १ करोड ४२ लाख विनियोजन गरेकोछु । जसमा सुनिकोट डाउँगाउँ विकुलि सडक निर्माण,बालविकास मा.वि भवन निर्माण,रुपातोला रामणि सडक निर्माण,४ र ६ नं वडा कार्यालय भवन निर्माणलाई निरन्तरता,दाँतोला खौला सिचाइ कुलो निर्माण,वडा नं ७ लाई पुर्ण सरसफाई युक्त वडा,वडा नं ६ मा कृषिमा व्यबसायिकरण तथा आधुनिकिकरण गर्नका लागि वजेट विनियोजन गरेकी छु । वडागत सन्तुलित विकासका लागि रु.२ करोड ५८ लाख वजेट विनियोजन गरेकीछु । सडकको नियमित मर्मत सम्भारको लागि रु. २५ लाख र सम्मपुरक कोषका लागि रु. ७० लाख विनियोजन गरिएको

छ । यस आ.व.मा सम्पन्न हुन नसकेका क्रमागत आयोजनाहरुलाई श्रोतको सुनिश्चितता गरेपछि मात्र आगामि आ.व.का आयोजनालाई बजेट विनियोजन गरिनेछ ।

स्रोतको व्यवस्था :

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च वेहोर्न स्रोत मध्ये आन्तरिक आयबाट १० लाख राजश्व बाँडफाडँ बाट रु. ५ करोड ४७ लाख ५२ हजार, वित्तिय समानिकरण बाट रु.८ करोड ५३ लाख ८३ हजार,सशर्त अनुदान बाट रु.९ करोड ६० लाख ,प्रदेश सरकारबाट समपुरक तथा विषेश अनुदानबाट अनुमानित रु २ करोड , बहुक्षेत्रिय पोषण बाट रु.१२ लाख ३५ हजार र सामाजिक सुरक्षा कार्यक्रमबाट रु. ३ करोड  खर्च बेहोरिने व्यवस्था मिलाएकी छु ।

अन्त्यमा :

गाउँपालिकाको आर्थिक सामाजिक पुर्वाधार विकासमा निरन्तर सहयोग पुर्याउने गाउँबासीहरु बुद्धीजिवि, संचारकर्मी , करदाता, विकासका साझेदारहरु र स्थानीय प्रशासन प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । साथै यो बजेट कार्यक्रम कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

# धन्यबाद॥

तल्कोट गाउँपालिका